*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्वत् २५५८
नेपाल सम्वत् ११३४
इस्वी सम्वत् २०१४
बिक्रम सम्वत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**10th AUG 2014**

| वर्ष- ३२ | अङ्क- ४ | गुंपुन्हि | श्रावण २०७१ |
|---|---|---|---|





हे दुर्बुद्धि ! जटा मात्र पाल्दैमा तिमीलाई के प्राप्त हुन्छ ? मृगचर्मले बेरेर रहँदैमा मात्र तिमीलाई के फाइदा हुन्छ ? मनभित्र स्वार्थ भावना पाली शरीर बाहिरको देखावटी पहिरनले तिमीले आफूलाई कसरी शुद्ध पार्न सक्छौ ?

जुन व्यक्तिको मन राग, द्वेष र मोह रूपी दूषित भावनाहरूले दूषित रहन्छ, तबसम्म त्यस व्यक्ति ब्राह्मणीको कोखबाट जन्म लिएको व्यक्ति भएपनि उक्त व्यक्तिलाई ब्राह्मण भन्न मिल्दैन । तबसम्म त्यस व्यक्तिलाई केवल "भो" भनी सम्वोधन गर्न उपयुक्त हुन्छ । तर जुन व्यक्ति राग, द्वेष र मोह रूपी दूषित भावना रहित र इच्छा रहित शुद्ध व्यक्ति बन्न सफल हुन्छ, त्यस पवित्र व्यक्ति साधारण कूलमा जन्मे पनि त्यसलाई ब्राह्मण भन्न मिल्छ ।

कमल फूलको पातले पानीको थोपालाई नसोचे जस्तै, सीयोको टुप्पोमा रायोको गेडा नअडे जस्तै काम भोगमा आफ्नो चित्त लिप्त नभएको व्यक्तिलाई ब्राह्मण भनिन्छ ।

अक्रोधी, व्रतवान्, शीलवान्, तृष्णा रहित संयमी र अन्तिम देहधारी व्यक्तिलाई मैले ब्राह्मण भन्दछु ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# सफल जीवनको लागि ध्यान भावना अभ्यास

**सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपन एतं बुद्धानु सासनं**

अर्थात्– "पाप कार्य नगर्नु कुशल कार्यहरू मात्र गर्नु र आफ्नो चित्त शुद्ध गर्नु" यही बुद्धहरूको उपदेश हो ।

माथि उल्लेखित बुद्ध वचन अनुसार हामीले आफ्नो सफल, जीवनको लागि पाप कर्म नगरी कुशल कर्म गरेर मात्र पुग्दैन, प्रमुख कर्त्तव्य त हामीले आ-आफ्नो चित्त परिशुद्ध गर्न अत्यावश्यक छ ।

अर्को शब्दमा भन्ने हो भने त्याग चेतनाले युक्त भई अरूको भलो सोची शरीर वचन र मनले कुशल कर्म गर्नु धर्मानुकुलको हाम्रो कर्तव्य हो । यसरी नै शरीर वचन र मनले सदाचारी बनी शील पालन गर्नु पनि धार्मिक व्यक्तिको परम कर्त्तव्य हो । तर यतिमा मात्र चित्त बुझाएर बस्दैमा हाम्रो लक्ष पुरा नहुने रहेछ । किनभने बुद्ध शिक्षा अनुसार दान र शील त धर्मको पहिल्लो र दोश्रो खुड्किलाहरू मात्र हुन् । अर्थात् दान र शील त जगको रूपमा रहेका कर्त्तव्य हुन् । यी बाहेक अर्को प्रमुख भूमिका त शुद्ध चित्तमा रहेको हुन्छ । चित्त शुद्ध नभइकन हाम्रो जीवन सार्थक हुन कदापि सक्दैन । चित्त शुद्ध गर्ने कार्य भने त्यति सजिलो छैन । चित्त शुद्ध गर्नको लागि ध्यान भावनाको अभ्यास गर्न नितान्त आवश्यक छ ।

बुद्धको मूल शिक्षा नै शुद्ध चित्तमा अडेको छ । यसको लागि हामी अन्तर्मुखी बनी आफूभित्र लुकेर बसेका खराव स्वभाव एवं आचरणहरू जुन लोभ, द्वेष र मोहले दूषित छन्, तिनीहरूको जरा समेत उखेलेर फाल्न सक्नु पर्दछ ।

सिद्धार्थ कुमारले पनि चित्त शुद्ध गर्नको लागि धेरै अभ्यास गर्नु परेको थियो । यसको लागि उहाँले आफ्नो शरीर भित्र र वाहिर आवत जावत भईरहेको श्वास प्रश्वासलाई मनले हेरी ध्यान भावना गर्नु भएको थियो । यसलाई आनापान ध्यान भनिन्छ । आनापान ध्यान गर्नुहुँदै प्रकृतिको अनित्य स्वभावलाई पत्ता लगाउनु भई विपश्यना ध्यान भावनाको माध्यमले शरीरलाई हेर्दै संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) र चतु आर्यसत्य (संसारको दुख, यस दुःखको मूल कारण तृष्णा, तृष्णालाई हटाउनु सके दुःख स्वतह हट्ने यथार्थता, तृष्णा हटाउनको लागि आठवटा आर्यमार्गहरूलाई अपनाउन जरुरी रहेको तथ्य) लाई पत्ता लगाउनु भई बोधिज्ञान प्राप्त गर्नु भएको थियो ।

यसरी भगवान बुद्धले विपश्यना ध्यान भावनाको माध्यमले आफ्नो मनमा विभिन्न विकारहरू केलाउँदै फाल्न सकेपछि र मन परिशुद्ध गरिसके पछि बोधि ज्ञान प्राप्त गरी बुद्ध बन्न सफल हुनु भएको थियो ।
हुनत संसारमा दुई थरिका प्राणीहरू पाइन्छन ।

(१) **उत्तान–**

यस समूहका प्राणीले आफूसंग भएका नराम्रा एवं खराब प्रवृत्तिलाई लुकाउन सक्दैनन् । राम्रो, नराम्रो प्रवृत्तिलाई यिनीहरूले चिन्न पनि सक्दैनन् । यसरी छुटाउने क्षमता यिनीहरूको मगजमा नै हुँदैनन् । त्यसैले यिनीहरूलाई चित्त शुद्धि विषयमा ज्ञान नै हुँदैन भने यिनीहरूले यस जन्ममा चित्त शुद्ध गरी मुक्ति मार्ग प्राप्त गर्ने कार्य गर्न त सम्भव नै छैन ।

यस समूहमा पशु पंक्षी एवं जनावर स्वभावका प्राणीहरू पर्दछन् ।

(२) **गहण–**

आफूसंग भएका नराम्रा बानी व्यवहार गोप्य रूपमा लुकाएर राख्न सक्ने व्यक्ति मानिसहरू नै हुन् । आफूमा लुकेर रहेका काम वासना र क्रोध जस्ता खराव वानी व्यवहार उत्पन्न हुन लागे पनि स्थान र समय हेरी त्यसलाई प्रकट नगरी मानिसले सहेर बस्न सक्छ । समाजले के भन्ला भन्ने लाज र भय (हिरी र ओतप्प) को कारणले ती कार्यहरू गर्दैनन् । जब यसलाई वास्ता नराखी ती खराब कार्य गर्छ, तब त्यस्ता व्यक्तिलाई नीच र पशु भन्ने गरिन्छ । आफूसंग रहेका ती पशु स्वभावका प्रवृत्तिलाई जरै देखि उखेलेर फाली शुद्ध एवं मुक्त जीवन जिउनको लागि ध्यान भावना गर्न आवश्यक छ । यस पवित्र कार्य पशु स्वभावका मानिसले गर्न सक्दैन । प्रज्ञा सहितका मानिसले मात्र गर्न सक्नेछ ।



Downloaded from http://www.dhamma.digital

यी बाहेक यस संसारमा अन्य तीन थरीका व्यक्तिहरू पनि छन्–

(१) शूरा (२) वीर (३) धैर्यवान्

शूरा व्यक्तिहरू धेरै प्रकारका कार्यक्षेत्रमा दक्ष एवं कुशल हुन्छन् ।

वीर व्यक्तिहरू आफ्नो जीवनमा जतिसुकै वाधा अड्चन आएपनि आफूले गर्न लागेको कार्य पूरा नभएसम्म डटेर लागि पर्छन । बीचमा निराश भएर कार्य त्याग्ने बानी उनीहरूमा हुँदैन ।

धैर्यवान् व्यक्तिले आफ्नो जीवनमा आइपर्ने सुख-दुःख, लाभ-अलाभ, यश-अपयश, र निन्दा-प्रशंसा जस्ता अष्टलोक धर्मले आफ्नो मन कम्प हुन नदिई अघि बढ्ने गर्छ पछि हट्दैन । यसरी नै हाम्रो समुदायमा अर्का पनि २ थरिका मानिसहरू छन्–

(१) चञ्चल स्वभाव (२) दृढ स्वभाव

चञ्चल स्वभावका मानिसहरू आँखा, कान, नाक, जीब्रो र शरीरको माध्यमबाट चित्त बाहिर पठाई पञ्चकाम सुखमा रमाउँदै भौंतारिने गर्छन् ।

तर दृढ स्वभावका ज्ञानी व्यक्तिहरू चञ्चल र असंयमी हुँदैनन् । मनको वसमा नगई होशियारी र सतर्क हुने गर्छन् । अभद्र व्यवहार र असंयमित नभई संयमी र शिक्षित हुन्छन् ।

माथि उल्लेखित विभिन्न स्वभावका मानिसहरू मध्ये उत्तम पुरूष गुण आफूमा समावेश गरी जीवन सफल पार्नका लागि हामीले ध्यान भावना अभ्यास गर्न अत्यावश्यक छ । ध्यान भावनाले आफूलाई चिन्ने, आफ्ना कमजोरीहरू पत्ता लगाउने शक्ति प्रदान गर्दछ । होशियारी बनी ठीक, बेठिक, सुमार्ग र कुमार्ग पत्ता लगाउने क्षमता उत्पन्न गराउँछ । यस्तो व्यक्तिको चित्त विस्तारै शुद्ध हुँदै चञ्चलपन स्वभाव, विचलित हुने स्वभाव विस्तारै हटेर जानेछ । ध्यान भावनाको माध्यमले संसारको यथार्थ अनित्य स्वभाव बुझी मनमा वैराग्य भावनाले ठाउँ लिइसकेको हुन्छ । फलस्वरूप उसले लोभ,द्वेष र मोहरूपी दूषित भावनालाई जरा देखि नै उखेलेर फालिसकेको हुन्छ । यस्तो व्यक्ति साँचो अर्थमा भाग्यमानी हुन्छ । उसको जीवन सफल र वहुमूल्य सिद्ध हुन्छ ।

त्यसैले यस्तो भाग्य प्राप्त गर्नको लागि हामीले विपश्यना ध्यान भावना गर्न अत्यावश्यक छ ।

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) नारायणदेवी महर्जन, मैया डंगोल, नयाँबजार, काठमाडौं स्व. जितबहादुर महर्जनको पुण्यस्मृतिमा रू. २५,०००/–
२) बिमला कंसाकार, एलिसा तुलाधर, डिल्लीबजार । मायादेवी श्रेष्ठ, सपना श्रेष्ठ, बालाजु भोजनको लागि रू. ५०००/–
३) मोहनमाया (ढंगु) महर्जन, संखमुल, नयाँ बानेश्वर भोजनको लागि रू. २०००/–
४) प्रकाश वीरसिंह तुलाधर, लाजिम्पाट, काठमाडौं – रू. १५००/–
५) Ms. Yachi Taiwan – रू. 1500/-
६) भक्त बहादुर घले, जोरपाटी – रू. ११००/–
७) मैंया रंजित, कलंकी, स्व. लक्ष्मी प्रसाद रञ्जित तथा हेरामाया रंजितको पुण्यस्मृतिमा – रू. १०१०/–
८) मैंया रंजित कलंकी, स्व हिरा प्रसाद रञ्जित तथा राम प्रसाद रंजितको पुण्यस्मृतिमा – रू. १०१०/–
९) प्रसन्न काजी ताम्राकार (जापानमा अध्ययनरत) सितापाईला – रू. १०००/–
१०) रत्नदेवी मानन्धर – रू. १०००/–
११) अनागारिका सुचिता, धम्मावास विहार, खुसिबुं – रू. ११००/–
१२) केशचन्द्र शाक्य, चारदोबाटो बनेपा – रू. १०००/–
१३) निबेदिता प्रधान – रू. ५००/–
१४) बिमला कंसाकार, एलिस तुलाधर, डिल्लीबजार मायादेवी श्रेष्ठ, समना श्रेष्ठ बालाजु भोजनको लागि – रू. ५००/-
१५) मनकामना बनेपाबाट बालिकाहरूलाई लुगा प्रदान ।
१६) सुगत हर्ष बज्राचार्य, बनेपा स्टेशनरी सामान प्रदान ।
१७) अनागारिका वीर्यपारमी पुचः चापागाउँ – भन्तेहरू तथा बालिकाहरूलाई भोजन तथा ग्यास १ थान प्रदान ।
१८) रिम रेख, धुलिखेल बालिकाहरूलाई स्टेशनरी सामान प्रदान ।
१९) सरीता शाक्य, रुपेश शाक्य जेठो छोराको जन्मदिनको उपलक्ष्यमा फलफुल तथा खाद्यान्न प्रदान ।

### ❀ आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :

२०) हरिमान रंजित सूर्यमान रंजित, शोभा, रत्ना, मोना रञ्जित परिवार, ककंचो विनायक मार्ग–१३, छाउनी स्व. सानुमाया तथा जनकमाँया रञ्जितको पुण्यस्मृतिमा – रू. ५२,८५०/–
२१) चैत्य बहादर, निर्मल, उत्तम, इन्द्रकुमार, बाबुराजा, धनमैंया नकर्मी परिवार ढल्को स्व. ईश्वरी नकर्मीको पुण्यस्मृतिमा – रू. २०,०००/–

### ❀ छात्रवृत्ति कोषको लागि सहयोगी दाताहरू :

२२) हरिमान रंजित सूर्यमान रंजित, शोभा, रत्ना, मोना परिवार, ककंचा विनायक मार्ग–१३, छाउनी स्व. सानुमाँया तथा जनक माया रञ्जितको पुण्यस्मृतिमा ध्यानकुटी तथा मैत्रीकेन्द्र बाल आश्रमलाई – रू. १,००,०००/– (रू. एकलाख) प्रदान ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–५

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

**मैत्री**

**आजको संसारमा केहीको अभाव छ भने त्यो हो मैत्री वा सद्भाव ।**

विश्वमा आज भौतिक सम्पत्ति प्रशस्त छन् । विद्वान बुद्धिजीवी, प्रतिभाशाली लेखक, बुद्धिमान वक्ता, दार्शनिक,मनोवैज्ञानिक, वैज्ञानिक, धार्मिक गुरू, अद्भूत कवि र शक्ति शाली नेताहरू छन् । यी विशिष्टतम प्रतिभाहरू छँदाछँदै पनि आज विश्वमा सच्चा शान्ति र सुरक्षा छैन । यसो हुनुमा केही कुराको अवश्यै कमी भएको हुनुपर्छ । के को कमीभन्दा मानिसहरू बीच आपसी सद्भाव र मैत्रीभावको कमी हो ।

भौतिक आर्जनले मात्र सुख र शान्ति पाइँदैन । प्रथमतः मानिसले आफ्नो हृदयभित्र शान्ति स्थापना गर्नुपर्छ अनिमात्र अरूलाई र विश्वलाई समेत शान्ति प्रदान गर्न सक्छ । आध्यात्मिक गुरूहरूको उपदेश अनुसरण गर्नु नै शान्ति प्राप्तिको सही उपाय हो ।

मैत्री भावको अभ्यास गर्दा, प्रथमतः अहिसाको आदर्श सिद्धान्तको अभ्यास गर्नुपर्छ र स्वार्थीपनलाई निर्मूल गर्नुपछ । यस्तो संघर्ष शारीरिक तवरमा होइन बल्कि मानसिक तवरमा गरिन्छ । किनकि दूर्भावनाहरू शरीर मा होइन मनमा उब्जन्छन् । खराब माथि विजय पाउन बदला भन्दापनि अहिंसा नै बढी प्रभावकारी हतियार हो । बदलाको भावनाले दूर्भावनाहरू झन बढाउँछन् ।

मैत्री भावको अभ्यासमा स्वार्थीपना त्याग्नु आवश्यक छ । हामीमा स्वप्रेम, आत्मप्रेम, स्वार्थीप्रेमको बोलवाला बढी छ । ‘लोग्नेप्रतिको माया साँच्चै नै लोग्नेको लागि भन्दापनि आफैप्रतिको मायाको लागि हुन्छन् । आमा-बाबु आफ्ना बच्चाहरूलाई माया गर्छन् त उनीहरूको लागि नभई आफ्नै लागि माया गर्छन् । ईश्वरलाई पनि आफ्नै लागि मात्र माया गर्छन् । कसैको प्रेमको लागि प्रेम गरिदैन, आफ्नै प्रेमको लागि प्रेम गर्छन् ।

मानिसले सच्चा शान्ति कायम गर्न र मुक्ति पाउनको लागि निस्वार्थ प्रेमको अभ्यास गर्न जान्नु पर्दछ । आत्म हत्याले आफैलाई मारे झैं स्वार्थीपनाले आध्यात्मिक उन्नतिलाई रोक्दछ । बुद्धधर्मया मैत्री भन्नाले भावनात्मक वा स्वार्थीपन होइन । लोभ, द्वेष, ईर्ष्या, निर्दयीता, शत्रुता र असन्तोष जस्ता ‘मैत्री भाव’ हो । बुद्धका अनुसार मेत्त अथवा मैत्रीभाव नै एक मात्र त्यस्तो प्रभावकारी उपाय हो । जसले मानसिक रूपमा दूषित भएको वातावरण स्वच्छ पार्न र मनको निर्मलता कायम राख्न सक्छ ।

आजकल प्रेम वा माया भन्ने शब्दले मानिसले अनुभव गर्ने विविध भावनालाई समेट्छ । बुद्धधर्म अनुसार, भावनाहरू धेरै प्रकारका हुन्छन् र ती सबै ‘प्रेम’ वा ‘माया’ अन्तर्गत पर्छन् । सर्वप्रथम, स्वार्थ प्रेम र निस्वार्थ प्रेमको कुरा गरौं । अरूको इच्छा वा चाहनाको कुनै परवाह नै नगरी आफ्नै मात्र दुनो सोझ्याउन खोज्नुलाई ‘स्वार्थी प्रेम’ भन्छ । स्वार्थी प्रेमको लक्षण ईर्ष्या भाव हो । जबकि अरूको भलाईको लागि आफ्नो केहि परवाह नराखी आफैलाई उत्सर्ग गर्नु ‘निस्वार्थ प्रेम’ हो । साधारणः मानिसले व्यवहारमा दुवै प्रेम अर्थात् स्वार्थी प्रेम पनि र निःस्वार्थी प्रेमपनि अनुभव गर्छन् । उदाहरणको लागि- आमा-बाबुहरू आफ्ना केटाकेटीहरूप्रति प्रशस्त त्यागी हुन्छन् र बदलामा उनीहरूबाट केही पाउने आशा राख्दछन् ।

अर्को प्रेम हो– भ्रातृ भाव वा साथीहरू बीचको प्रेम एक अर्थमा, यस्तो प्रेमलाई निःस्वार्थ प्रेम भन्न सकिन्छ किनकि यस्तो प्रेम निश्चित मानिसहरू मै सीमित हुन्छ र अरूसंग यसले मतलब राख्दैन । अर्कोथरी छ, यौन सम्बद्ध प्रेम, जसमा कि शारीरिक आकर्षणको कारण एक अर्काको नजिक रहन्छन् । यो नै आधुनिक मनोरञ्जनको उपज हो र यस अन्तर्गत अल्लारे तरूणहरूको मूर्खतादेखि लिएर प्रौढहरूको जटील सम्बन्ध पर्न आउँछ ।

यिनीहरूभन्दा उच्च तहको अर्को हो मेत्त अथवा मैत्री । यो महान गुण बुद्धद्वारा व्यक्त गरिएको र प्रकाश पारिएको हो । मानिसलाई दुःखबाट छुटकारा दिलाउने उपाय पहिल्याउन सकिन्छ कि भनी बुद्धले आफ्नो राज्य, परिवार, सुख, ऐश्वर्य सबै त्यागी श्रमण बन्न पुगेका थिए ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-३

*मूल पालि अनुवादक* - **भिक्षु अमृतानन्द**
*नेपाली अनुवादिका* - **शरणशीला**



*१) सपना देखेको दृष्य- चारवटा काला साँढेहरू चारैदिशाबाट आई एक आपसमा जुध्न खोजे । तर नजुधीकन चारै दिशातर्फ फर्केर गएको दृष्य*



*अर्थ- कलियुगमा मानिसहरूमा न्याय धर्म हराएर जानेछन् । फलस्वरुप वर्षातकालमा चारै दिशातर्फबाट मेघ गर्जी पानी पर्ला जस्तो हुनेछ । तर पानी भने पर्ने छैन ।*



Downloaded from http://www.dhamma.digital

त्यसपछि राजाले स्वप्नको एउटा-एउटा कुरालाई क्रमैसित यसरी भने–

(१) भन्ते ! पहिलो स्वप्न हो-४ काला साँढेहरू ४ दिशाबाट लड्नको लागि राजदरवारको आँगनमा जम्मा हुन आए । 'साँढे जुधाई हेर्ने भनेर मानिसहरू पनि त्यहाँ आए । साँढेहरू जुध्नलाई तयार हुँदै,नाद गर्दै आए तर तिनीहरू नलडिकनै फर्केर गए । यो मैल देखेको प्रथम सपना हो । यसको के फल होला ?"

"महाराज ! यस सपनाको फल न तपाइँको समयमा होला, न मेरो समयमानै किन्तु भविष्यमा अधार्मिक तथा कपटी राजाहरू र अधार्मिक मानिसहरूको पालामा मिल्लान् । भविष्यमा लोक बदलेर जानेछ । त्यसबखत धर्म कम हुन्छ; अधर्म बढ्दछ । लोकको अवनति हुनेछ; वर्षा राम्ररी हुने छैन । बादल छाँतिएर जानेछ; धानको बोट आदि सकिएर जानेछ । दुर्भिक्ष हुनेछ । त्यस्तो समयमा चारै दिशाबाट पानी पर्ने बेला जस्तो बादलले ढाक्नेछ । आईमाईहरूले सुकाउनलाई राखेको 'धान' भिऱ्याउने छन् । घरहरू बनाउनलाई औजारहरू उठाई ज्यामीहरू बाहिर निस्कने बेलामा कतिनै बेस्सरी पानी पर्ने बेला जस्तो गरी बादल गर्जिनेछ, बिजुली चम्कनेछ, परन्तु जुध्नको लागि आएका साँढेहरू फर्केर गए जस्तै ती सबै बादल हटिएर जानेछन्; पानी पर्ने छैन । महाराज, यो यसको फल हो । तपाइँलाई यसबाट केही बिघ्न हुने छैन । यो जुन सपना तपाइँले देख्नु भएको छ, त्यो भविष्य सम्बन्धी छ । पुरोहितहरूले केवल तिनीहरूको जीविकाको निम्ति यज्ञ गर्नुपर्छ भनेका हुन् ।"

यसप्रकारले प्रथम सपनाको अर्थ सुनाई बोधिसत्त्वले "दोस्रो सपनाको कुरा सुनाउनुहोस्" भने राजाले भने–



*२) सपना देखेको दृष्य- ससाना रूख र विरुवाहरूमा फल फलिरहेको दृष्य*

(२) "भन्ते ! दोस्रो सपना यस्तो छ– साना-साना रूख तथा बिरूवाहरू पृथ्वीबाट बाहिर निस्की एक हात जति माथि जान नपाउँदै त्यसमा फूलहरू फुले, फलहरू फले । यसको फल के होला ?"

"महाराज ! यसको फल लोकको अवनति हुने बेलामा मानिसहरूको आयु घट्नेछ। अनागते (भविष्यमा) सत्त्वहरूको राग बढ्नेछ । बैस नपुग्दै केटीहरू केटाहरूसंग लागी बिग्रिने छन्। त्यसरी बिग्रिसकेपछि मात्रै रजस्वला हुनेछ। सन्तानहरू धेरै जन्माउने छन् । साना-साना बोट बिरूवाहरूमा कोपिलाहरू पलाए झैं तिनीहरूका सन्तानहरू हुनेछन्। यसकारणले पनि तपाइँलाई केही हानि हुने छैन । तेस्रो सपनाको कुरा सुनाउनुहोस् ।"

*क्रमश:*



*अर्थ- कलियुगमा वैंश नपुगेको अवस्थामा मानिसहरूमा राग तृष्णा बढी केटाकेटी छँदै बच्चा जन्माउन थाल्नेछन् ।*



Downloaded from http://www.dhamma.digital

# असल शिक्षा

✍ सुमित्रा तुलाधर

भगवान् बुद्धले ६ वर्ष सम्म कठोर तपस्या गरी प्राप्त गर्नुभएको ज्ञानलाई उहाँले सवै प्राणीहरूको कल्याण होस्, यस शिक्षा सिकी । शिक्षित बनी मुक्ति (निर्वाण) प्राप्त गर्न सकोस् भन्ने उद्देश्यलिई ४५ वर्ष सम्म विभिन्न स्थानहरूको भ्रमण गरी धर्म प्रचार गर्नुभयो ।

उहाँको शिक्षा परिवारिक जीवन सुखमय बनाउन अत्यावश्यक छ । किनभने अज्ञानताको कारणले थुप्रै मानिसले गल्तीहरू गरिरहेका हुन्छन् । गल्ती नगर्ने मानिसहरू कम मात्र हुन्छन् । एक परिवारमा अट्टेरी, रिसाहा प्रवृत्तिको सदस्य छ भने त्यहाँ मेलमिलाप र धार्मिक भावना सृजन गर्न कठिन हुन जान्छ । तैपनि सुखमय जीवनको लागि ती अज्ञानी व्यक्तिहरूसंग द्वेषभाव होइन मैत्री पूर्वकको व्यवहार अत्यावश्यक हुन्छ । मैत्री भावले मात्र वातावरण शान्त हुनेछ। यसको लागि पहिला आफूले सम्यक दृष्टि (ठीक तरिकाले बुझी व्यवहार गर्ने) अपनाई राम्रो आचरणको अभ्यास गर्ने बानी बसाल्नु पर्दछ । अर्को शब्दमा भन्ने हो भने अरूलाई अध्ययन गर्ने होइन आफूले आफैलाई चिन्ने प्रयत्न गर्नु पर्दछ । जिद्दीपन र अहंकार भाव आफूमा छ भने त्यसलाई त्यागी राम्रो व्यवहार प्रयोग गर्न सक्नु पर्दछ ।

मातापिताले आफ्ना सन्तानलाई मैत्री र करूणा पूर्वक पालन पोषण गरी आवश्यक शिक्षा प्रदान गरी यौवनावस्था पुगेपछि विवाह कर्म समेत गरिदिन्छन् । आफूलाई अनन्त गुणउपकार गरी हुर्काउने आमाबुवालाई छोरा छोरीले पनि आमा बुबा प्रति आदर गौरव पूर्वक खाना, लुगाफाटा, उचित बासस्थान र आवश्यक औषधी विषयमा राम्रो हेरचाह गर्नु पर्दछ । त्यति मात्र होइन श्रीमान ले श्रीमतीप्रति, श्रीमतीले श्रीमान प्रति परस्पर मैत्रीपूर्वक सहयोग गर्न आवश्यक छ । परस्पर विश्वास पात्र बन्न सक्नु पर्दछ । स्वार्थभाव राखी सेवा गर्ने बानी राम्रो होइन । आफ्नो कर्त्तव्य सम्झी सेवा गर्ने कार्य मात्र इमान्दारीतामा गनिन्छ । असल मानिस बन्नको लागि इमान्दारीता, कर्त्तव्यपरायण, सहनशीलता, र घमण्डीभाव रहित विनम्र स्वभावको अत्यावश्यक छ ।

सुखमय जीवनको लागि अज्ञानी, मूर्ख र अशिक्षित व्यक्तिहरूलाई द्वेष भावले नभई मैत्री,कल्याण र उपेक्षा भाव सहितको व्यवहार प्रयोग गर्न सक्नु अत्यन्त राम्रो हुनेछ । तर भन्न जति सजिलो छ । यसलाई व्यवहारमा प्रयोग गर्न भने अति कठिन छ । त्यसैले होला अहिले राजनैतिक क्षेत्रहरूमा इमान्दारीता हराउँदै गएको देखिन्छ। जताततै अविश्वासको वातावरणले ठाउँ लिदैछ । घुसखोरी,भष्टाचारी को वातावरणले असल मानिसको कमी हुँदै गइरहेको देखिन्छ। तर बुद्ध शिक्षालाई बुझिसकेपछि आफू भित्र लुकेर वसेका नराम्रो आचरणलाई हटाई असल मानिस बन्न सकिने रहेछ। यस कुरालाई बुद्धकालिन एक घटना प्रष्टाइदिएको छ –

रानी श्यामावतीकी खुज्जुत्तरा नाम गरेकी दासी थिइन् । खुज्जुत्तरालाई श्यामावतीले दिनहुँ फुल किनेर ल्याउनको लागि पैसा दिने रहेछ। तर खुज्जुत्तराले आधा पैसाको मात्र फुल किनी आधा पैसा नाफा खान पल्केकी रहीछ । यसरी नै एकदिन फुल किनेर फर्किरहेको अवस्थामा उनीले बीच वाटोमा भगवान बुद्धले उपदेश दिइरहनु भएको देखी उपदेश सुन्न पुगिछन् । उपदेश सुनिसकेपछि खुज्जुत्तराले थाहा पाइन् उनीले फूल किन्दा आधा पैसा आफ्नो खल्ती भित्र लुकाउँदै आइरहेको कार्य पापपूर्ण बेइमानी कार्य हो भनी बुझिन् । यस गल्तीपूर्ण कार्यलाई महशूस गर्न सक्षम खुज्जुत्तराले आफ्नो गल्तीलाई दोहोऱ्याउन दिएन । उनीले त्यही दिन देखि आफ्नी मालिकनी रानी श्यामावतीले जति पैसा दिइन् त्यति नै पैसाको फूल किनेर बुझाउने गरिन् । श्यामावतीले त्यस दिन डोब्बर फूलको राश देखेपछि यसको कारण सोधे पछि खुज्जुतराले आफ्नो गल्ती गरेको सत्य कुरा प्रकाश गरी माफी मागिन् ।

खुज्जुतराले बुद्धको शिक्षा सुनी आफूलाई सुधारेको कुराले श्यामावती प्रभावित भई खुज्जुतरालाई दासी पदबाट मुक्त गरी पदोन्नति गरिदिइन् । त्यति मात्र होइन श्यामावतीले पनि भगवान बुद्धलाई गुरू मानि उहाँबाट शिक्षा प्राप्त गर्न थालिन् ।"

यस घटनाले भनिरहेको छ बुद्ध शिक्षालाई सुनेर मात्र पुग्दैन यसलाई आफ्नो आचरणमा प्रयोग गरेपछि मात्र हामी असल मानिस बन्न सक्नेछौं । शिक्षा सुन्नलाई मात्र होइन सुनेर पालन गर्नको लागि हो । ❖

*(धर्मकीर्ति अध्ययन गोष्ठीको शनिवारीय कक्षामा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले मिति २०७१ असार १४ गते "असल शिक्षा" विषयमा दिनुभएको प्रवचनको आधारमा)*



Downloaded from http://www.dhamma.digital

# ऋषिणी प्रव्रज्याको अनुभव

✍ सिरपा चित्रकार

हामी अल्पकालिन श्रामणेर तथा ऋषिणी प्रव्रज्या कार्यक्रम अन्तर्गत २०७० चैत्र २२ देखि चैत्र २८ सम्म प्रव्रजित भएका हौँ । मैले यहाँ नयाँ कुरा सिक्न पाएँ । म यहाँ ६ पटक सम्म ऋषिणी प्रव्रजित भैसकें । मैले यहाँ हरेक पटक नयाँ कुरा सिकेको छु र हरेक पटक आउँदा नयाँ अनुभव भएको छ । यहाँको ज्ञान हाम्रो स्कुलबाट पाइने विद्याबाट भिन्न छ । स्कुलमा हामीले विज्ञान गणित जस्ता वारेमा पढ्छौं भन्ने यहाँ हामीले व्यवहारमा ल्याउनु पर्ने परिवर्तन स्वभाव कस्तो हुनुपर्छ जान्छौं । हामीलाई यहाँ ध्यान गर्ने सिकाइन्थ्यो । वसेर गर्ने ध्यान र टहलेर गर्ने ध्यान बारे थाहा पायौं । टहलेर गर्ने ध्यानलाई चंक्रमण भनिन्छ । पहिले पहिले ध्यान गर्न त गाह्रो भएको थियो । तर पछि अलि सजिलो भयो । हुनत हामी यहाँ ७ दिनको लागि मात्र आएका हौं । तर हामीले यहाँ हाम्रो जीवनमा चाहिने कुरा सिकेका छौं । म यहाँ शिविरमा आउँदा अर्कै प्रकारको आनन्द महसुस भयो । हुन त पहिले आइ सकेकोले पनि मलाई कुरा जान्न बुझ्न सजिलो भयो । यहाँ बुद्ध सम्वन्धित मात्र होइन अरू कक्षा पनि हुन्छ । Craft, Art Public Speaking हामीलाई सधैं हरेक दिनमा गुरूमां भन्तेहरू आउनुभई नयाँ कुराहरू सिकाउनु भयो । मंगल सुत्र, बुद्ध पूजाको अर्थ, आमाबुवाको महत्त्व, दश पारमिता, अष्टशील, पञ्चशीलको महत्त्व र तिनको अर्थ बारे थाहा पायौं । नयाँ नयाँ विषय सिक्न पाउँदा अर्कै प्रकारको खुशी महशुस भयो । सरसफाईको महत्त्व, बुद्ध जीवनी पनि वृतान्त रूपमा बुझ्यौं । वन्दना गर्ने तरिका बारे पनि थाहा पायौं । यी शिक्षा साँच्चै नै हाम्रो जीवनमा महत्त्वपूर्ण छ । यस्तो शिक्षा हामीले अरू काँहि पनि पढ्न पाउँदैनौं । चतुआर्य सत्य, दश बन्धन जस्तो कुरा बारे ज्ञान पाउनको लागि हामीलाई यस्तै शिविरमा आएर सिक्नु पर्छ । यहाँ आएकोले नै समयको सदुपयोग भयो । घरमा वसेको भए टि.भी. मात्र हेरेर गेम खेलेर बित्थ्यो । यहाँ आएर म अझै संयम धैर्य सहनशील भएकी छु । ❖

*नोट– २०७० चैत्र २२ देखि २८ सम्म रत्न विपश्यना विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम ऋषिणी प्रव्रज्या भई सहभागी भएकी बालीकाको अनुभव ।*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*वि.सं. १९९५ माघ २ गते*
*श्रीपञ्चमी*

*दिवंगत :*
*वि.सं. २०७१ बैशाख ३१ गते*
*पूर्णिमा*

## दिवंगत शीलदेवी तुलाधर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य शीलदेवी तुलाधर दिवंगत हुनुभयो । यस दुःखद् घडीमा उहाँका परिवारले संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् र दिवंगत शीलदेवीलाई सुगति लाभभई यथासिघ्र निर्वाण सम्पत्ति प्राप्त होस् भनी कामना गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

श्रीघः नःघल, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# माधवी गुरुमांनापं छ्वःगु खँः–२

✍ रीना तुलाधर (बनिया)

नुगलय् श्रद्धा भाव दनावयाः नुगः थुं मिन । वसपोल त्यागी गुरुमांपिनि माया थः शिष्य शिष्यापिनि प्रति । नये धुंकाः लिहां हे वये त्यनागु खँ छगू निगू गथे पिहां वल माधवी गुरुमां नं ला सरर्र पुलांगु खँ न्ह्यथना हया बिज्यात । वसपोलं कना बिज्याःगु खँ ला महत्त्वं जाःगु खँत पिहां वल । अले काचाकिचिं जिं थःगु बाय्गय् भ्वं व कलम माला । चिकिचा धंगु नोट बुक जिगु न्ह्याबलें दु । तर वसपोलया खँ व चिकिचाधंगु नोट बुकय् न्ह्यनी मखु । भाग्यं "बौद्ध महिला संघ, नेपालया" न्ह्योने वःगु प्रोग्राम सीटया पानात ५/६ पाना दयाच्वना छगू साइड खाली पेजय् माधवी गुरुमांया म्हुतुं पिज्वःगु धारा प्रवाह खँ नोट याना । जि छक्क चाल वसपोलया शारीरिक अवस्था उलि कष्टदायक अवस्थाय् नं सः छतिं सुस्त मजू अले स्मृति गजाःगु बांलाःगु । दकों नोट याये धुंकाः लिपा वये त्येंकाः न्यना "छःपिसं कना बिज्याःगु खँ प्रकाशित याये ज्यूला ?" माधवी गुरुमां न्हिला बिज्यात– "ल्हाः च्वःम्ह छ स्व का छकोलं गुलि पाना जायेक च्वये धुंकल ।" धाथें नं माधवी गुरुमांया धारा प्रवाहं न्ह्याःगु खँ जिगु साइज यागु पाना खुगू पेज जाल । माधवी गुरुमां नं कना बिज्याःगु खँ स्वाःमदुगु गफ मखु । छगू छगू उल्लेखनीय खँत दु गुगुकि नेपालय् थेरवाद बुद्ध शासन पुनर्जागरण कालया सत्य खँत खः । वसपोलया म्हुतुं न्यनाथें दुरुस्त थ्व च्वसुइ प्वंका थुकथं–

**माधवी गुरुमांया मां :**

माधवी गुरुमांया मां लक्ष्मीमाया शाक्य । छम्ह अद्भुत नकसां श्रद्धावानम्ह उपासिका । बुद्धघोष भन्ते याथाय् वनाः धर्म देशना न्यं वनीम्ह । अष्टशील च्वनाः शील पालन याइम्ह । अले अष्टशील च्वन धकाः वयात भाःतँ दाइगु नं जुयाच्वन छाय्कि अष्टशील च्वनीबलय् भाःतनापं व द्चनी मखु । थ्व ई धयागु नेपालय् २००७ सालय् प्रजातन्त्र मवःनी बलय् अनेक संघर्षनाप ल्वनाः राणा सरकारया न्ह्योने मेमेपिं क्रान्तिकारीपिं लिसें बौद्ध भिक्षु भिक्षुणीपिसं नं संघर्ष यानाच्वंगु ई । अले लक्ष्मीमाया थेंजाःपिं उपासिकापिनिगु संघर्ष नं म्हों मखु खनी ।

मांया प्रेरणां आखः ब्वनागु :

माधवी गुरुमांया मां नं थः म्ह्याय्पिं निम्ह नं वया पासापिं बुद्धघोष भन्तेयाथाय् आखः ब्वंकेत संघर्ष याइगु अबलय् बुद्धघोष भन्तेयाथाय् पाली भाय् ब्वं वनीपिं आःयापिं धम्मवती गुरुमां, ञाणशीला गुरुमां, माधवी गुरुमां, मागधी गुरुमां लिसें करण तता व झुनु तता धाःम्ह । इपिं मिसा मस्त तिनि ला खः । आखः ब्वनेबलय्, बुद्धघोष भन्तेयात हीमही चायेकीगु जुयाच्वन । तर बुद्धघोष भन्ते तं चाया बिज्याइ मखु ।

माधवी गुरुमांपिं मचाबलय् अनागारिका यायेगु तातुनाः माम्हं बानी यायेत अष्टशील तया तइगु जुयाच्वन । बाःम्हेसिया धाःसा तसकं मयो खनी । उकिं अष्टशील च्वंसां जा थुया बीगु हँ । भुतुलिइ कुंचाय् "धम्मपद" किताब सुचुका तयेमाः । जा थुथुं ब्वनेगु । बाःपिसं मखंक ब्वनेगु । बाःपिन्त ज्योनां याके धुंकाः ३:०० बजे ती बुद्धघोष भन्तेयाथाय् पाठ ब्यू वनेगु हँ ।

**मांया प्रेरणां आखः सःगु :**

माधवी गुरुमां नं धया बिज्यात– "मां नं मयाःसा आखः सइमखु" गणेश मास्टर धयाम्ह ब्रम्हू मास्टर छम्ह दुगु जुयाच्वन माधवी गुरुमांपिन्त पिने मचा हेकः हुँ धकाः त्वहः चिनाः वया चिधिकःम्ह मचा बियाः गणेश मास्टर याथाय् छोइगु । गणेश मास्टरनाप न्हापां हे खँ मिले याना तइगु । छेँय् नं पिने मचा हेकः वनेगु धकाः स्कूल वनीगु । गबलें स्कूलय् मचां खि फाना बी । माष्टरं कम्प्लेन याइहं । तर छुयाये नत्र स्कूल छोइ मखु हँ । माधवी गुरुमां नं धया बिज्यात वसपोलया मां उपमा तयाः तयाः बाखं कने सः । मां नं बोध यानातःपिं मस्त शिक्षित जू हँ ।

**माधवी गुरुमांया मांयागु अलौकिक गुण :**

वसपोलया मां प्रज्ञानन्द भन्तेयाथाय् नं शिक्षा काः वनीम्ह । प्रज्ञानन्द भन्ते नं ध्यान नं स्यना तःगु जुयाच्वन । उकिं मां नं यको हे ध्यान याइगु । यलय् महाबौद्ध मन्दिरय् तःधीम्ह तुयूम्ह भगवान्या थाय् चच्छि ध्यान च्वं वनीगु । छन्हु अद्भुतगु घटना जुल हँ । अन



Downloaded from http://www.dhamma.digital

सत्यता दुम्ह विद्याधरि माता दु हँ । छन्हु विधाधरि माता मन्दिर हे खालि जुइक दना वयाः वरदान फ्वँ धाल हँ । माधवी गुरुमांया मां नं परोपकार यायेे फइगु ज्ञान फ्वने धाः बलय् "छंगु शरीरं छु तक यात व तक्क बिरामी लनी" धका न्याक्क घयेपुल हँ । उकिं मां म्हं मफुपिन्त प्वाथय् ल्हाः तयाः फू फू यानाः वासः याय् सः हँ ।

**माधवी गुरुमां बर्माय् :**

व ऐतिहासिक घटना गुखुन्हु गणेश कुमारी (धम्मवती गुरुमां) थः मांयागु गुहालिं चान्हय् छँय् नं बिस्युं वयाः गृहत्याग याना बिज्याःगु । वसपोलया साथय् नापं दुपिं गणेश कुमारीया पासा शोभालक्ष्मी शाक्य माधवी गुरुमां व मनोहरादेवी (मागधी गुरुमां) । अले थः म्ह्यायपिन्त प्रव्रजित यायेत कुशिनगर छ्वयत् साथ ब्यूपिं अदम्य साहसीपिं धम्मवती गुरुमांया मां हेराथकुं शाक्य व माधवी गुरुमांया मां लक्ष्मीमाया शाक्य गुम्हसें कुशिनगर तक थः म्ह्याय्पिन्त यंकल ।

तथागतया सद्धर्म शासनय् अगाढ श्रद्धाया बलं थः जहान पिं नापं विरोध यासें थः ल्यासेचापिं म्ह्याय् मस्तय्त प्रव्रजित यायेत चान्हय् चान्हय् छँय् नं बिसिका छोपिं थुपिं उपासिका पिनिगु साहसयात च्वछाय् माः थुमि हे म्ह्याय्मस्त थौं धम्मवती गुरुमां, माधवी गुरुमां नामं बुद्ध शासनिक योगदानय् च्वन्हचाय् माको च्वन्ह्यात ।

कुशिनगरय् प्रव्रजित जुल । तर पासपोर्ट मिले मजूगुलिं बर्मा वने मखन । उकीमध्ये गणेश कुमारी (धम्मवती गुरुमां) ला अदम्य साहसं धम्माबुध भन्तेया साथ कयाः आसामया जंगलं न्यासि वनाः बर्मा ध्यंकः वंम्ह जुल । माधवी गुरुमां व मागधी गुरुमांपिन्त थः छेँजःपिनिसँ कुशिनगर ध्यंक वयाः लिगं वःगु जुयाच्वन । कुशिनगरं लिहाँ वयाः दच्छि तक नेपालय् च्वना पासपोर्ट मिले यानाः लिपा माधवी गुरुमांपिं बर्माय् बिज्यात ।

*क्रमशः*

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना गर्दै दाता पूर्णमान राजकर्णिकारले सश्रद्धा रू. १०००/– चन्दा सहयोग प्रदान गर्नुभएको छ । दाता पूर्णमानलाई धर्मकीर्ति पत्रिकाले आयु आरोग्य कामना गर्दै साधुवाद व्यक्त गरेको छ ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



## दिवंगत ललित देव मानन्धर

(बुगु दिः बिसं १९८२/१२/१७ – मदुगु दिः बिसं २०७१/१/३०)

धर्मकीर्ति विहार संरक्षण कोषका भू.पू. सचिव बरदेश मानन्धरका पिता **ललितदेव मानन्धर** गत वैशाख ३०, २०७१ का दिन दिवंगत हुनुभयो ।

दिवंगत मानन्धरको सुगति एवं निर्वाण कामना गर्दै उहाँको सपरिवारले यस दुःखद घडीमा संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनि कामना गर्दछौ ।

**धर्मकीर्ति विहार परिवार**

श्रीघः नघःटोल, काठमाडौं, नेपाल

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



## दिवंगत हेराकाजी शाक्य

*जन्मः* वि.सं. १९९७ भाद्र २६ गते – *दिवंगतः* वि.सं. २०७१ ज्येष्ठ ३१ गते, शनिवार

यशोधरा बौद्ध मा.वि.को उत्तरोत्तर प्रगति कामना गरी अमूल्य योगदान दिनुहुने सदस्य श्री हेराकाजी शाक्यको सुगति एवं निर्वाण कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

**यशोधरा बौद्ध मा.वि. सपरिवार, पाटन**



Downloaded from http://www.dhamma.digital

# धम्मवती गुरूमांद्वारा प्रवचन गरिएको प्रतित्य समुत्पाद महान उपदेश संगालिएको सि.डि. विमोचन



*प्रतित्य समुत्पाद महान उपदेश सिडि विमोचन गर्नुहुदै पूज्य दो गुणवती गुरूमां र दाता पञ्चीरसिंह तुलाधर*

*२०७१ असार २८ गते, शनिवार, पूर्णिमा*
*स्थान- धर्मकीर्ति विहार*

धर्मकीर्ति विहारको स्वर्ण महोत्सव र धम्मवती गुरूमांको ८१ औ शुभ जन्मोत्सवको उपलक्ष्यमा धम्मवती गुरूमांले प्रतित्य समुत्पाद विषयमा प्रवचन गर्नुभएको थियो ।

उक्त प्रवचन धर्मकीर्ति विहारको धम्महलमा २०७१ जेठ महिनाको १७, २४ र असार महिनाको ७,१४ गरी जम्मा ४ पटक भएको थियो । यसलाई नेपाल मण्डल टि.भि च्यानलबाट प्रशारण पनि गरिएको थियो । यही प्रवचनको सि.डि. निर्माण गरी उक्त सि.डि २०७१ असार २८ गते पूर्णिमाको दिन पूज्य दो गुणवती गुरूमां र दाता पञ्चवीरसिंह तुलाधरले विमोचन गर्नु भएको थियो ।

प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा डा. सुमन कमल तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।




Downloaded from http://www.dhamma.digital

# भिक्षुणी धम्मवतीको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ सम्पन्न

*२०७१ असार २३-३० गते सम्म*

*स्थान- धर्मकीर्ति विहार*

भिक्षुणी धम्मवतीको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा २०७१ असार २३ देखि ३० सम्म विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।






**१) साप्ताहिक अभिर्ध पाठ र धर्मदेशना–**

धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट असार २३ गते देखि २९ गते सम्म (विहान ७-९ सम्म) अभिधम पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरी धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीघार्यु कामना गरिएको थियो ।

यसको विवरण यसरी रहेको छ–











*धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षुसंघबाट अभिधर्म पाठ हुँदै, धम्मवती गुरुमां पाठ श्रवण गर्नुहुँदै*



Downloaded from http://www.dhamma.digital

धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षुसंघबाट अभिधर्म पाठ हुँदै







**साप्ताहिक अभिधर्म पाठ, धर्मदेशना, ज्ञानमाला भजन, जलपान र भोजन दाताहरूको विवरण–**

| क्र.सं. | मिति असार | अभिधर्म पाठ | धर्म देशना गर्नुहुने भन्ते | ज्ञानमाला भजन | जलपान दाता | भोजन दाता |
|---|---|---|---|---|---|---|
| १ | २३ गते | धम्म सङ्गिणी | भिक्षु अश्वघोष | धर्मकीर्ति ज्ञानमाला | धम्मवती गुरूमां र कर्णदेवी पुचः ध.की. | ललिता कंसाकार |
| २ | २४ गते | विभंग | सयादो उ आसभाचार | बुद्ध धर्म तथा अध्ययन भजन मण्डल लगन | चमेली गुरूमां र सुमना महर्जन | कमला गुरूमां |
| ३ | २५ गते | कथावत्थु | भिक्षु धर्ममूर्ति | श्रीघःज्ञान माला भजन | अनिता र मोहन देवी | शोभा श्रेष्ठ |
| ४ | २६ गते | धातुकथा | भिक्षु राहुल | प्रज्ञानन्द स्मृति ज्ञानमाला भजन, ललितपुर | चम्पा पुचः, ध.की. | पुलां पुचः ध.की. |



Downloaded from http://www.dhamma.digital

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २७ गते | पुग्गल पञ्ञति | भिक्षु पञ्ञासार | नील सरस्वती ज्ञानमाला | चन्द्रहेरा र मिजं पुचः ध.की. | कीर्ति मैंया पुचः ध.की. |
| ६ | २८ | यमक | भिक्षु ञाणपूर्णिक | धर्मकीर्ति ज्ञानमाला | धम्मविजया गुरुमां | पूर्णहेरा पुचः धर्मकीर्ति |
| ७ | २९ | पट्ठान | भिक्षु निग्रोध | धर्मकीर्ति ज्ञानमाला | कुशुम र मैंया शोभा | अष्टमाया पुचः ध.की. |


महायानी गुरुहरूबाट पाठ गर्नुहुँदै

**२) महायानी गुरू, वज्रयानी गुरूजु एवं गुरूमांजुहरूको तर्फबाट पाठ :**

*२०७१ असार ३० गते ।* यसदिन धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा ५ जना महायानी गुरूहरूले धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुभई शान्ति पाठ गर्नुभएको थियो ।


गुरूजु एवं गुरूमांजुहरूको तर्फबाट पाठ गर्नुहुँदै

यसरी नै यसदिन ५ जना वज्रयानी गुरूजुहरूले (पंण्डित बद्री रत्न वज्राचार्य र नरेश वज्राचार्य सहित) धम्मवती गुरूमांको सुस्वाथ्य कामना गरी भद्रचरी पाठ गर्नु भएका थिए। यस कार्यक्रममा डा. नरेश वज्राचार्यले धर्मदेशना गर्नु भएको थियो ।

त्यसपछि ५ जना वज्रायानी गुरूमांजुहरूले धम्मवती गुरूमांको सुस्वास्थ्य कामनागरी ग्रहदशा पाठ र पञ्चरक्षादेवी पाठ गर्नु भएको थिए ।

यसदिन अनोजा गुरूमां र हेरादेवी तण्डुकारबाट जलपानको प्रायोजन गरी पुण्य सञ्चय गरिएको थियो



Downloaded from http://www.dhamma.digital



*धर्मकीर्ति ज्ञानमाला खलःबाट भजन प्रस्तुत गर्दै*

भने धर्मकीर्ति द्वितीया पुचःले भोजन प्रायोजन गरिएको थियो। यसदिन पनि धर्मकीर्ति ज्ञानमाला भजन। समूहले भजन प्रस्तुत गरिएको थियो।

**३) दान प्रदान कार्यक्रम** –

यस साप्ताहिक कार्यक्रममा उपस्थित हुनुभई धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुभई पाठ गर्नुहुने सम्पूर्ण भन्ते गुरूमांहरू लगायत महायानी गुरूहरू, वज्रयानी गुरूहरू र गुरूमांजुहरूलाई धम्मवती गुरूमांले विशेष दानप्रदान गर्नुभएको थियो। यसको साथै धर्मकीर्ति विहारका अन्य गुरूमांहरू लगायत उपासको पासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नु भएका थिए। यसरी नै महायानी नाम्गेल गुरूले पनि धर्मकीर्ति विहारका सम्पूर्ण गुरूमांहरूलाई खाडा ओढाई दान प्रदान गरी पुण्य सञ्चय गर्नु भएको थियो।

**४) अभिधर्म देशनाको भिडियो प्रर्दशन** –

